सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
कैलाली, नेपाल

प.सं. २०८२/८३ | च. नं. 856 | मितिः- २०८२।०९।७

विषयः-महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना अपलोड गर्ने बारे ।

श्री स्थानीय तह (सबै),
सुदूरपश्चिम प्रदेश ।

यस मन्त्रालयको आ. व. २०८२।८३ को संघ सशर्त अनुदान राष्ट्रिय महिला सशक्तिकरण परियोजना कार्यक्रम (संघ सशर्त अनुदान)अन्तर्गत महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले प्रविधि सहयोगका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ ।उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेवसाईटमा अपलोड गर्नहुन अनुरोध छ ।

............
( यज्ञराज लेखक )
उप सचिव
उप-सचिव

सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
कैलाली, नेपाल

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना ।

सूचना प्रकाशन मितिः-२०८२ मंसिर ८ गते

यस मन्त्रालयको आ. व. २०८२।८३ को संघ सशर्त अनुदान राष्ट्रिय महिला सशक्तिकरण परियोजना कार्यक्रम (संघ सशर्त अनुदान)अन्तर्गत महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

देहायः-

<u>महिला उद्यमी र उद्यमी समूहले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः</u>

क)उद्योग व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र नवीकरण

ख)स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र को प्रतिलिपि

ग)कर चुक्ताको प्रमाणपत्र

घ)व्यावसायिक योजना

च)प्रविधिको क्षमता सहितको विवरण

छ)यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छ छैन भन्ने महिला उद्यमी /महिला उद्यमी समूहको स्व घोषणा पत्र ।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरु साथ संलग्न कागजातहरुको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनौट गरी निवेदन दिने समय(म्याद) समाप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउन हुन अनुरोध छ। साथै महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेवसाइट www.mowcsc.gov.np मा र सामाजिक विकास मन्त्रालयको वेवसाईट www.mosd.sudurpashchim.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

**म्याद समाप्त हुने मितिः- २०८२ पौष २२ गते मंगलबार कार्यालय समय भित्र ।**

स्थानीय तहले मन्त्रालयमा पेश गर्ने म्यादः-मिति २०८२ माघ ७ गते बुधबार कार्यालय समय भित्र ।

उप-सचिव